## छेडागाड नगरपालिकाको नवौं बजेट अधिवेशनमा बजेट तथा कार्यक्रम तर्जुमा समितिका

## संयोजक एवम् उप-प्रमुख श्री चन्द्र बहादुर थापाज्यूद्वारा प्रस्तुत

आर्थिक वर्ष २०८२/०८३ को

# बजेट बक्तव्य

छेडागाड नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

कार्कीगाउँ, जाजरकोट

नवौं बजेट अधिवेशन तथा अठारौं नगर सभाका आदरणीय सभाअध्यक्षज्यू,

नगरसभाका सदस्यज्यूहरु,

सभामा उपश्थित सम्पूर्ण महानुभावहरु,

१. सार्वभौम नेपाली जनताको अभूतपूर्व योगदानबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पछिको यस नवौं बजेट अधिवेशन तथा अठारौं नगरसभाको यस गरिमामय बैठकमा आगामी आ.व. २०८२/०८३ को बजेट प्रस्तुत गर्न पाउँदा गर्वको अनुभूति गरेको छु ।

२. संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पछिको यस छेडागाड नगरपालिकाको नवौं बजेट अधिवेशनको अवसरमा सर्वप्रथम देश र जनताको हितका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शहीदका परिवारजनहरुप्रति हार्दिक समवेदना तथा सम्मान प्रकट गर्दछु । सम्पूर्ण घाइते, अपाङ्ग तथा बेपत्ता योद्धाहरु प्रति हार्दिक सम्मान व्यक्त गर्दछु । **"समृद्ध छेडागाड सुखी छेडागाडबासी"** को परिकल्पनालाई साकार पार्न विकास निर्माण र नगरपालिकाको समृद्धिको लागि महत्वपूर्ण भूमिका खेल्नुहुने सबै वर्ग र क्षेत्रका महानुभावहरुको योगदानको उच्च कदर गर्न चाहन्छु।

३. समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षा र समृद्ध छेडागाड हाम्रो भविष्यको मूल आकांक्षा अनुरुप विकास, समृद्धि, सामाजिक न्याय र लोकतान्त्रिक मूल्यमा आधारित समाजवादको दिशामा तिव्रताका साथ अघि बढ्न निर्देशित गरिरहेको यस अवस्थामा पछिल्ला वर्षहरुमा देशको राजनीतिक परिस्थिती अनपेक्षित रुपमा अस्थिर भई समग्रमा सेवा प्रवाह, सुशासन र विकासको गतिमा अगाडी बढ्न नसकिरहेको परिस्थिति निर्माण भईरहेको वर्तमान सन्दर्भमा सम्बद्ध पक्षहरु वीच स्थानीय स्तरमा एकता सहकार्य र सहअस्तित्वको मर्मलाई आत्मासात गर्दै अगाडि बढ्नुपर्ने छ ।

४. नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३/११/२२ को निर्णयानुसार जाजरकोट जिल्लाका साविकका कार्कीगाउँ, झाप्रा, साल्मा, दशेरा, सुवानाउली र पजारु (वडा नं. ३ देखि ९ सम्म) गा.वि.स.हरु समाहित भई छेडागाड नगरपालिका गठन भएको हो । पूर्वमा भेरी नगरपालिका, पश्चिममा सुर्खेत र दैलेख जिल्ला, दक्षिणमा सुर्खेत र सल्यान जिल्ला र उत्तरमा जुनिचाँदे गाउँपालिकाको बीचमा अवस्थित छ । राष्ट्रिय जनगणना २०६८ अनुसार ७१७९ वटा घरधुरी र ३७८७७ जना जनसंख्या रहेको छ । १३ वटा वडामा विभाजित यस नगरपालिकाको कूल क्षेत्रफल २८४.२० वर्ग कि.मि. रहेको छ। समग्रमा यस नगरपालिकाको जनघनत्व १४२ जना रहेको छ भने औषत परिवार संख्या ६ जना रहेको देखिन्छ । यस नगरपालिकाको वडा नं. ३ को दशेरामा स्नातकोत्तर तहसम्मको पठनपाठन हुने एक वटा क्याम्पस रहेको छ भने नारायणी मावि कार्कीगाउँमा कृषि बाली विज्ञान र बाल मावि झाप्रामा सिभिल तर्फको अध्ययन अध्यापन समेत

भइरहेको छ ।छेडागाड, सरुगाड, सुवागाड जस्ता नदीनालाहरु भएको साथै कृषि उद्योग, जलश्रोत र खानी (काइनाइट र टुर्मालिन) को प्रचूर सम्भावना बोकेको नगरपालिका भएको हुनाले पनि हाम्रो नगरपालिका प्राकृतिक सम्पदाको धनी मानिन्छ।

आदरणीय सभाका अध्यक्षज्यू,

अब म यस छेडागाड नगरपालिकाको अर्थतन्त्रको वर्तमान अवस्थाको बारेमा संक्षिप्तमा चर्चा गर्ने अनुमती चाहन्छु ।

५. छेडागाड नगरपालिका जाजरकोट जिल्लाको जनसंख्याको हिसाबले सबैभन्दा ठुलो नगरपालिका हो । तथापी यस नगरपालिकामा संघ र प्रदेश विभिन्न सरकारबाट चालु आ.व. २०८१/८२ मा प्राप्त हुने अनुदानमा नगरपालिका निर्भर रहनुपरेको यथार्थता रहेको छ । संघीय सरकारबाट वित्तिय समानीकरण अनुदान वापत १० करोड ८७ लाख प्रक्षेपण गरिएकोमा हालसम्म जम्मा ९ करोड ९६ लाख ५६ हजार १ सय साठी रुपैया प्राप्त भएको छ भने ९० लाख ४३ हजार ८ सय ४० रुपैया प्राप्त नहुन देखिन्छ । कूल अनुमानित आयभन्दा ८.३२% कम रकम प्राप्त भएको छ ।

६. संघीय सरकारको सशर्त अनुदान वापत ३७ करोड २२ लाख ९४ हजार रुपैया प्रक्षेपण गरिएकोमा हालसम्म ३५ करोड ५६ लाख ७२ हजार रुपैया प्राप्त भएको छ । कूल प्रस्तावित बजेट जम्मा ४.३०% मात्र रकम प्राप्त नहुने देखिन्छ ।

७. संघीय सरकारको राजश्व बाँडफाँड वापत १३ करोड ४९ लाख रुपैया अनुमान गरिएकोमा हालसम्म जम्मा १० करोड ४८ लाख १४ हजार ३ सय ८४ मात्र प्राप्त भएको छ । जसमध्ये हालसम्म जम्मा रु. १० करोड ३२ लाख ४१ हजार ८० रुपैया खर्च भएको छ भने कूल अनुमानित बजेटको २२.३०% रकम प्राप्त हुन बाँकी हुने देखिन्छ ।

८. संघीय सरकारबाट प्राप्त हुने कूल अनुमानित रकम ६२ करोड ८ लाख ९४ हजार रहेकोमा हालसम्म ५६ करोड १ लाख ४२ हजार ५ सय ४४ मात्र प्राप्त भएको छ । कूल सीमाको ९०.२२ % मात्र प्राप्त भएको छ भने ४३ करोड ७९ लाख ४५ हजार ४ सय १४ रकम खर्च भएको छ खर्च ७८ % रहेको छ ।

९. प्रदेश सरकारको वित्तिय समानीकरण अनुदान वापत रु. १ करोड २५ लाख ६६ हजार अनुमान गरिएकोमा १ करोड २५ लाख ६६ हजार नै प्राप्त भएको छ ।

१०.प्रदेश सरकारको राजश्व बाँडफाँड वापत रु. १८ लाख  प्रक्षेपण गरिएकोमा ९ लाख ४४ हजार ५ सय ७४ मात्र प्राप्त भएको छ ।

११.छेडागाड नगरपालिकाको आ.व. २०८१/८२ को लागि छेडागाड नगरपालिकाले आन्तरीक श्रोतबाट राजश्व संकलनको लागि ९० लाख प्रक्षेपण गरिएकोमा हालसम्म जम्मा हालसम्म ६५ लाख रकम राजश्व संकलन भएको छ ।

१२.समग्रमा संघ, प्रदेश र स्थानीय सरकारको कूल प्रक्षेपण गरिएको रकम रु. ७० करोड ७५ लाख १८ रहेकोमा हालसम्म जम्मा ६२ करोड ५८ लाख २१ हजार ६ सय १८ रुपैया प्राप्त भएको छ भने कूल विनियोजित बजेटको ८८.८३ प्रतिशत बजेट प्राप्त भएको छ ।

१३. छेडागाड नगरपालिकाको हालसम्मको बेरुजुको अवस्था हेर्दा स्वीकृत दरबन्दी बेगरका दैनिक ज्यालादारी र सेवा करारका कर्मचारीहरुलाई उपलब्ध गराइएको पारिश्रमिक वापतको रकम वर्षेनी वेरुजुको रुपमा कायम हुँदै आएकोले त्यसतर्फ हामी सबै गम्भिर हुनु पर्ने परिस्थिति निर्माण भएको छ भने बेरुजु कम गरी वित्तिय अनुशासन कायम गर्न जरुरी देखिन्छ ।

सभाका सभाअध्यक्षज्यू, नगरसभाका सदस्यज्यूहरु
अब म यस नगरपालिकाको अर्थतन्त्रमा रहेका विद्यमान प्रमुख चुनौतीहरुका सम्बन्धमा चर्चा गर्ने अनुमती चाहन्छु ।

१४.परम्परागत रुपमा गरिँदै आएको खेती प्रणालीमा अपेक्षित सुधार हुन नसक्दा कृषि क्षेत्रको उत्पादकत्व न्यून रहेको छ भने यूवा वर्गलाई कृषि व्यवसायमा आकर्षित गर्न नयाँ नीति तथा कार्यक्रम तर्जुमा गरी कृषि व्यवसायमा लाग्न प्रेरित गर्न सकिएको छैन । नगरपालिका र अन्य निकायहरुबाट प्रदान गरिने अनुदान प्रभावहिन देखिन्छ । नगरपालिकामा पर्याप्त विभिन्न खालका जडिबुटीहरु र प्राकृतिक श्रोत साधनहरुलाई उचित बजारको व्यवस्था गर्न सकिएको छैन ।

१५.छेडागाड नगरपालिका क्षेत्रहरुमा उत्खनन् हुने ढुङ्गा, गिट्टी, बालुवा र मोरङ्ग लगायतका नदिजन्य बस्तुहरुलाई व्यवस्थित रुपमा प्रयोग गर्ने वातावरण निर्माण गर्न सकिएको छैन । ढुङ्गा, गिट्टी, बालुवा र मोरङ्ग वर्षेनी टेण्डर आह्वान गर्दा पनि टेण्डर नलाग्ने समस्याका कारण नगरपालिकाले ठुलो रकम प्राप्त गर्न सकिरहेको छैन । नगरपालिकाको सीमान चारैतिर भएको र २ वटा स्थानमा मात्र कर संकलक राखी कर संकलन गर्दै आएको र अन्य नाकाबाट ठुलो मात्रामा नदिजन्य बस्तुहरुको निकासी र चुहावट हुने समस्या रहेको छ ।

१६. यस नगरपालिका क्षेत्र भित्रका बहुमुल्य पत्थरहरु : काइनाईट र टुर्मालिनको उत्खनन् र बजारीकरण गर्न नसक्दा ठुलो मात्रमा चोरी निकासी हुने गरेको पाइन्छ । संघ तथा प्रदेश सरकारसँगको समन्वय तथा साझेदारीमा त्यसको उत्खनन् तथा प्रशोधन गरी बजारीकरण गर्न सकेको खण्डमा प्रशस्त आन्तरिक आम्दानी हुने देखिन्छ ।

१७.यस नगरपालिकाका वडाहरुबाट संकलन हुँदै आइरहेको राजश्वलाई व्यवस्थित गर्न सकिएको छैन । वडाबाट संकलन हुने राजश्व चुहावट हुने गरेको छ । उक्त कार्यलाई रोकेर राजश्व संकलनको कार्यलाई प्रभावकारी बनाउन वडालाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।

१८.स्थानीय उत्पादनमा आधारित लघु उद्यमीहरुको सीप विकास गरी उनीहरुले संचालन गरेका उद्योगहरुलाई प्रवर्द्धन गरी आर्थिक उपार्जन गर्न सकिएको छैन ।

१९.नगरपालिका क्षेत्रभित्र संचालन भएका व्यवसायहरुलाई दर्ता तथा नविकरण गरी करको दायरामा ल्याउन सकिएको छैन । अव्यवस्थित रुपमा व्यवसाय संचालन गरिरहेका व्यवसायीहरुलाई अनुगमन तथा नियमन गरी करको दायरामा ल्याउनुपर्ने देखिन्छ ।

२०.नगरपालिका क्षेत्र भित्र स्थापना भएका कृषि तथा पशुपंक्षीसँग सम्बन्धी पकेट तथा ब्लकहरु निर्माण गरिएको छ । ती पकेट क्षेत्र तथा ब्लकहरुलाई प्रवर्द्धन गर्न सकिएको छैन । ती क्षेत्रहरुको प्रवर्द्धन तथा विस्तार गर्नुपर्नेछ ।

२१.नगरपालिकाको आ.व. २०८२/८३ को योजना तर्जुमा मात्र नभएर विगत देखि हालसम्म योजना छनौट प्रकृयागत, परम्परागत सोंच, चिन्तन र शैली हावि रहेको अवस्थामा यस तर्फ पनि यस बजेटले उचित ध्यान पुर्याएको छ ।

**सभाध्यक्ष महोदय,**

२२.यस नगरपालिकाको आ.व. ०८२।८३ को वार्षिक योजना छनौट गर्दा सहभागितामूलक योजना तर्जुमा प्रक्रियाका मौजुदा उपायहरु अवलम्बन गरी बस्ती स्तरदेखि वडा हुँदै विषयगत समिति मार्फत योजनाहरु छनौट भई आएका छन् । नगरपालिकामा उपलब्ध श्रोत साधनको कमी र क्रमागत रुपमा संचालनमा रहेका योजनाहरुको भुक्तानीको दायित्व बहन गर्नुपर्ने छ ।ठुलो र कठिन भूगोल अधिक जनसंख्या भएको कारण पनि जनताका मागहरु अत्यधिक हुने र सीमित श्रोत साधनको कारण माग बमोजिमका योजना तथा कार्यक्रमहरुमा बजेट विनियोजन गर्न नसक्ने अवस्था श्रृजना भएकोले निश्चित मापदण्डका आधारमा योजनाहरु प्राथमिकीकरण गरी छनौट गर्नुपर्ने चुनौती हाम्रो सामु आएको छ ।

**सभाध्यक्ष महोदय**,

आगामी आ.व. २०८२।८३ को योजना तर्जुमा गर्दा तपसिलका प्राथमिकीकरणका आधारहरु तयार गरेको छु । उक्त प्राथमिकीकरणका आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२३.प्रस्तुत बजेट तथा कार्यक्रम निर्माण गर्दा तथा आयोजना प्राथमिकीकरण गर्दा निम्न आधारहरु लिएको छु।

- नगरपालिकाको प्रशासकीय भवन निर्माण सम्पन्न गरी सोही भवनबाट सेवा प्रवाह गर्नुपर्ने ।
- चालु आर्थिक वर्षमा सम्झौता गरी कार्य सम्पन्न भएका तर भुक्तानी हुन नसकेका योजना तथा कार्यक्रमहरु ।
- रोजगारी र स्वरोजगारीका अवसर सिर्जना गर्ने ।
- कृषकलाई प्रविधि मैत्री बनाउने खालका योजनाहरु ।
- शिक्षा क्षेत्रलाई गुणस्तरीय र प्रभावकारी बनाउन विद्यालयको भौतिक अवस्था मर्मत/सुधार हुने ।
- वातावरणमैत्री एवं जलवायु परिवर्तन अनुकूलनमैत्री आयोजनाहरु।
- लागत साझेदारी र प्रत्यक्ष जनसहभागिता जुटाउने खालका आयोजनाहरु।
- सामाजिक सुरक्षा र विपन्न, शहिद, वेपत्ता र अपांगता भएका नागरिक स्वास्थ्य बीमा कार्यक्रम ।
- कृषि ब्लक तथा पकेट क्षेत्र विस्तार र विकास हुने आयोजनाहरु ।
- आवधिक योजनाले परिक्षलित गरेका योजना तथा कार्यक्रमहरु ।
- उद्यमी र उद्यमशिलता प्रवर्द्धन हुने कार्यक्रमहरु ।
- खानेपानी तथा स्वास्थ्य सरसफाई र वातावरण संरक्षण सम्बन्धी योजना योजना तथा कार्यक्रम ।
- संघीय सरकार तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमलाई बढावा दिने खालका योजनाहरु ।
- प्रकोप तथा विपद व्यवस्थापन एवम् उद्धार, राहत, पुनर्लाभ पुनर्निर्माण हुने खालको योजनाहरु ।
- सहकारी क्षेत्र मार्फत् नागरिकलाई रोजगारी सिर्जना गर्ने ।
- गरिबी न्यूनीकरण, रोजगारी सिर्जना र आयआर्जन बृद्धिमा प्रत्यक्ष योगदान पुर्याउने।
- आन्तरिक राजस्व बृद्धि र परिचालनमा योगदान पुर्याउने, स्थानीय श्रोत, साधन, श्रम र सीप र प्रविधिमा आधारित, लैंगिक मैत्री तथा समावेशिता प्रवर्द्धनमा प्रत्यक्ष सहयोग पुर्याउने आयोजना तथा कार्यक्रमहरु सञ्चालन गर्ने।
- स्थान विशेषको संस्कृती र पहिचान प्रवर्धन गर्ने, दिगो विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुर्याउने, बजारमा पहुँच बृद्धि गर्न सघाउ पुर्याउने आयोजनाहरु सञ्चालन गर्ने,
- कम लागतमा बढी लाभ लिन सकिने आयोजनाहरु, महिला, दलित, सीमान्तकृत समुदायलाई प्रत्यक्ष फाइदा पुग्ने खालका योजना तथा कार्यक्रम ।

**श्रद्धेय सभाध्यक्ष महोदय**,

अब म यहाँहरुसमक्ष "समृद्ध छेडागाड, हाम्रो भविष्य" भन्ने मूल नाराका साथ प्रस्ताव गरिएको चालु आ.व. ०८१/८२ को हालसम्मको कार्यक्रम कार्यान्वयनको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२४. चालु आ. व. २०८१/८२ को हालसम्मको यथार्थ आय विवरण यसप्रकार छ ।

- संघीय सरकारको वित्तीय समानीकरण अनुदान रु। ९ करोड ९६ लाख ५६ हजार १ सय ६० प्राप्त भएको छ ।
- संघीय सरकार सशर्त अनुदान ३५ करोड ५६ लाख ७२ हजार रुपैया प्राप्त भएको छ ।
- संघीय सरकार राजश्व बाडँफाड १० करोड ४८ लाख १४ हजार ३ सय ८४ रुपैया प्राप्त भएको छ ।
- प्रदेश सरकार समानीकरण अनुदान १ करोड २५ लाख ६६ हजार रुपैया प्राप्त भएको छ।
- सशर्त अनुदान प्रदेश सरकार रु २ करोड ९५ लाख १८ हजार ५ सय रुपैया प्राप्त भएको छ।
- प्रदेश सरकार राजश्व बाँडफाँड वापत ९ लाख ४४ हजार ५ सय ७४ रुपैया प्राप्त भएको छ ।
- नगरपालिकाको आन्तरिक राजश्व ६५ लाख रुपैया प्राप्त भएको छ ।
- गत वर्षको आल्या। रकम ४४ लाख रुपैया प्राप्त भएको छ ।

  कूल आय ६२ करोड ५८ लाख २१ हजार ६ सय १८ प्राप्त भएको छ भने जम्मा रु. ४७ करोड ५९ लाख ४२ हजार ९ सय ८१ रुपैया खर्च भएको छ।

- त्यसै गरी,चालु आ.व. २०८१।०८२ मा संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त सशर्त अनुदान, समपुरक अनुदान, विशेष अनुदान, राजश्व बाँडफाँड र आन्तरीक श्रोत गरी कुल आय ८८.८३ प्रतिशत र व्यय ७६ प्रतिशत भएको छ ।
- हालसम्म विनियोजन भएको रकमको कूल ११.१७ प्रतिशतले हुन आउने रकम ४ करोड १९ लाख ८४ हजार ८ सय ८२ रकम प्राप्त नहुने देखिन्छ ।
- संघीय सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदानको कूल विनियोजित बजेटको ८.३१ प्रतिशतले हुन आउने रकम ९० लाख ४३ हजार ८ सय ४० प्राप्त नहुने भएको छ ।
- संघीय सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँडको कूल विनियोजित बजेटको २२.३० प्रतिशतले हुन आउने रकम रु ३ करोड ८५ हजार ६ सय १६ प्राप्त नहुने देखिन्छ ।
- प्रदेश सरकारबाट प्राप्त हुने राजश्व वाँडफाँडको कूल विनियोजित बजेटको ४७.५२ प्रतिशतले हुन आउने रकम ८ लाख ५५ हजार ४ सय २६ प्राप्त नहुने देखिन्छ ।
- नगरपालिकाको चालु आ. व. को लागि प्रस्तावित ९० लाखको २२.२२ प्रतिशतले हुन आउने रकम २० लाख प्राप्त नहुने देखिन्छ ।

- माथि उल्लेखित मध्ये नगरपालिकाबाट विनियोजन हुने शिर्षक वित्तिय समानीकरण अनुदान, राजश्व बाँडफाँड र आन्तरिक अनुमानित श्रोत अन्तर्गत १५.४८ प्रतिशतले हुन आउने रकम ४ करोड १९ लाख ८४ हजार ८ सय ८२ यो आर्थिक वर्षमा प्राप्त नहुने र आगामी आ।व। मा त्यसको दायित्व सर्दै जाने देखिन्छ ।

**सभाध्यक्ष महोदय,**

अब म चालु आ.व. ०८१/८२ मा क्षेत्रगत बजेटको विनियोजन र खर्चको अवस्थाबारे सभामा प्रस्तुत गर्न अनुमति चाहन्छु।

तपसिल :

| शिर्षक | अनुमानित | हालसम्म प्राप्त | प्राप्त बजेट प्रतिशत | हालसम्मको खर्च | प्राप्त भएको बजेटको खर्च प्रतिशत | प्राप्त नभएको बजेट | प्राप्त नभएको बजेट प्रतिशत | नगरपालिका बाट विनियोजन हुने मध्ये प्राप्त नभएको |
|---|---|---|---|---|---|---|---|---|
| **संघीय सरकार** | | | | | | | | |
| वित्तिय समानीकरण अनुदान | १०८७००००० | ९९६५६१६० | ९१.६८ | ८२०५६६७१ | ८२ | ९०४३८४० | ८.३२ | ९०४३८४० |
| सशर्त अनुदान | ३५३६९४००० | ३३८४७२००० | ९५.७० | २४५८५५४२० | ७३ | १५२२२००० | ४.३० | ० |
| पुंजीगत सशर्त | १८६०००००० | १७२०००००० | ९२.४७ | ६७९२२४३ | ३९ | १४००००० | ७.५३ | ० |
| समपुरक | ५०००००० | ० | ०.०० | ० | ० | ५०००००० | १०० | ० |
| राजश्व बाँडफाँड | १३४९००००० | १०४८१४३८४ | ७७.७० | १०३२४१०८० | ९८ | ३००८५६१६ | २२.३० | ३००८५६१६ |
| **जम्मा** | **६२०८९४०००** | **५६०१४२५४४** | **९०.२२** | **४३७९४५४१४** | **७८** | **६०७५१४५६** | **९.७८** | **३९१२९४५६** |
| **प्रदेश सरकार** | | | | | | | | |
| समपुरक अनुदान | १५०००००० | ११२५०००० | ७५.०० | ५१८६०२९ | ४६ | ३७५०००० | २५.०० | ० |
| वित्तिय समानीकरण अनुदान | १२५६६००० | १२५६६००० | १००.०० | ६८६४१८६ | ५५ | ० | ०.०० | ० |
| सशर्त अनुदान चालु | ३३५८००० | २५१५५०० | ७४.९१ | ९८०००० | ३९ | ८४२५०० | २५.०९ | ० |
| सशर्त अनुदान पुंजीगत | ३७५०००००० | २७००३००० | ७२.०१ | १८४७०९८६ | ६८ | १०४९७००० | २७.९९ | ० |
| राजश्व बाँडफाँड | १८००००० | ९४४५७४ | ५२.४८ | ० | ० | ८५५४२६ | ४७.५२ | ८५५४२६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **जम्मा** | **७०२२४०००** | **५४२७९०७४** | **७७.२९** | **३१५०१२०१** | **५८** | **१५९४४९२६** | **२२.७१** | **८५५४२६** |
| **नगरपालिका** | | | | | | | | |
| राजश्व अनुमान/प्रक्षेपण | ९०००००० | ७०००००० | ७७.७८ | २०९६३६६ | ३० | २०००००० | २२.२२ | २०००००० |
| अ.ल्या. | ४४००००० | ४४००००० | १००.०० | ४४००००० | १०० | ० | ०.०० | ० |
| **जम्मा** | **१३४०००००** | **११४०००००** | **८५.०७** | **६४९६३६६** | **५७** | **२००००००** | **१४.९३** | **२००००००** |
| **कूल संघ+प्रदेश+नगरपालिका** | ७०४५१८००० | ६२५८२१६१८ | ८८.८३ | ४७५९४२९८१ | ७६ | ७८६९६३८२ | ११.१७ | ४१९८४८८२ |

**आदरणीय सभा अध्यक्षज्यू,**

अब म आगामी आ.व. ०८२/८३ को बजेटको सोच **(Vision),** लक्ष्य **(Goal)** र उद्देश्य **(Mission)** प्रस्तुत गर्दछु।

**दिर्घकालीन सोच (Vision):**

यस बजेटको सोच "**समृद्ध छेडागाड हाम्रो भविष्य**" रहेको छ।

**लक्ष्य(Goal) :**

उपलब्ध श्रोत-साधनको समुचित उपयोग, व्यवसायिक उत्पादन, सीप विकास मार्फत उद्यमशिलता तथा नमूना उद्यमी उत्पादन र न्यायोचित वितरण मार्फत् आत्मनिर्भर, समृद्ध र समुन्नत छेडागाड नगरपालिका बनाउने यस बजेटको लक्ष्य तय गरेको छु।

**उद्देश्य (Mission)**

- छेडागाड नगरपालिकाको वडा नं. ५ चंखिलामा निर्माण भइरहेको नगरपालिकाको प्रशासकीय भवनको संरचना तयार भैसकेको हुनाले उक्त भवनको फिनिसिङ्गको कार्य बाँकी रहेको र उक्त कार्य सम्पन्न गरी आगामी आ.व. २०८२/८३ को ६ महिनाभित्र सोही भवनबाट कार्यालय संचालन गर्ने ।

- छेडागाड नगरपालिकामा उपलब्ध भौतिक तथा प्राकृतिक श्रोत-साधन तथा मानवीय संसाधनको उचित उपयोग मार्फत् कृषि तथा पशु, खानी तथा पर्यटन क्षेत्रमा व्यवसायिक उत्पादनमा बृद्धि गर्ने ।

- सार्वजनिक शिक्षालाई प्रभावकारी र गुणस्तरीय बनाउनको लागि विद्यालय मर्ज, शिक्षकहरुको क्षमता विकासका तालिम संचालन, विद्यालय व्यवस्थापन समितिहरुको सवलीकरण, बालक्लवहरु परिचालन तथा अभिभावकहरुमा सचेतना अभिबृद्धि गर्ने ।

- नगरपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरुबाट प्रभावकारी सेवा प्रवाह गर्न संस्थाहरुको लागि आवश्यक पर्ने सामाग्री लगायतका औषधी उपकरणहरु उपलब्ध गराई नियमित औषधीको उपलब्धता गर्ने । र स्वास्थ्य क्षेत्रमा कार्यरत जनशक्तिलाई सक्षम बनाउन विभिन्न खालका तालिम तथा गोष्ठीहरु संचालन गरी सबै नागरिकलाई सुरक्षित र स्वस्थ बनाउने ।

- यस नगरपालिकामा रहेका १३ वटा वडा मध्ये ४ वटा वडाहरुको आफ्नै पक्की भवनबाट वडा कार्यालयहरु संचालन भइरहेको र वडा नं. १३ को वडा कार्यालयको भवन निर्माणाधिन चरणमा रहेकोमा आगामी आ.व. को पहिलो चौमासिकभित्र कार्यालय संचालन गर्ने । कच्ची भवन भएका र भाडाका संचालन भएका सबै वडाहरुको पक्की भवन निर्माण गरी आफ्नै भवनहरुबाट सेवा संचालन गर्ने ।

- बालमैत्री स्थानीय शासनपालिका घोषणा, पूर्ण सरसफाईयुक्त पालिका घोषणा र बालश्रममुक्त पालिका घोषणा गर्ने लक्ष्य अनुरुप साझेदारीको मोडलमा योजना बनाई कार्यान्वयन गर्ने ।

- सार्वजनिक सेवामा पारदर्शिता र जवाफदेहिता अभिबृद्धि गरी सेवा प्रवाहमा नागरिकको सहज पहुँच कायम गर्ने र सबै नागरिकहरुलाई सुशासनको प्रत्याभूति दिलाउने ।

- मौसमजन्य महामारी तथा प्राकृतिक विपद जोखिम न्यूनिकरणमा सहयोग पुग्ने गरी नगरपालिका तथा वडा स्तरमा रहेका समितिहरुलाई उद्दार, राहत तथा पुनस्थापनाका लागि तयारी अवस्थामा राख्ने ।

- नगरपालिकाको लागि आवश्यक विभिन्न क्षेत्रका गुरुयोजनाहरु निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

- छेडागाड नगरपालिकालाई सूचना प्रविधि मैत्री पालिका **(E-Municipality)** निर्माण गर्ने ।

**सभाध्यक्ष महोदय,**

**अब म आ.व. २०८२/०८३ को बजेटका अपेक्षित उपलब्धी प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

- हाल छेडागाड नगरपालिका विभिन्न व्यक्तिहरुको निजी घर भाडामा लिई संचालन हुँदै आइरहेको र वर्षेनी लाखौं रकम घरभाडामा खर्च हुने गरेको छ । भाडाका घरहरुमा कार्यालय संचालन गर्दा शाखा तथा उपशाखाहरु टाढा टाढा हुने र सेवाग्राहीहरुले भोगिरहेको कठिनाईलाई मध्यनजर गर्ने आगामी आ. व. मा छेडागाड नगरपालिकाको वडा नं. ५ चंखिलामा निर्माणाधिन अवस्थामा रहेको नगरपालिकाको प्रशासकीय भवनबाट सेवा संचालन हुनेछ ।

- विगत वर्षदेखि संघ तथा प्रदेश सरकारबाट बजेट विनियोजन भई ठेक्का सम्झौता तथा उपभोक्ताबाट संचालन भई बजेट अभावको कारण रुपमा रहेका तथा अधुरा आयोजनाहरु कार्य सम्पन्न गरिनेछ ।

- भुकम्प प्रभावित निजि आवास प्रवलीकरण पुनर्निर्माणको कार्यलाई प्रभावकारी बनाउन आवश्यक प्राविधिक तथा प्रशासनीक तयारी गरिनेछ ।

- कृषि क्षेत्रको व्यवासायीकरण गरी उत्पादन र उत्पादकत्व बृद्धि भई नागरिकले प्रत्यक्ष लाभ प्राप्त गर्नेछन् ।

- आर्थिक तथा सामाजिक रुपमा रहेको असमानता र विभेद अन्त्य गर्दै आत्मनिर्भर नगरपालिका निर्माणमा सहयोग पुग्नेछ।

- सहज जीवनयापन र गुणस्तरीय सेवाका लागि भौतिक पूर्वाधारहरुको विकास हुनेछ।

- शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा निशुल्क स्वास्थ्य विमा नागरिकको सहज पहुँच स्थापित गरी दक्ष जनशक्ति उत्पादन गर्ने र उनीहरुलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

- विद्यालयहरुको भौतिक सुधार एवं विद्यार्थीहरुको शैक्षिक गुणस्तर अभिबृद्धि भई दक्ष जनशक्ती उत्पादनमा सहयोग पुग्नेछ ।

- जलवायु परिवर्तनको असर र प्रभावबाट सिर्जित प्रभाव तथा असरहरुसँग जुध्नका लागि जलवायू अनुकूलन, न्यूनीकरणका कार्यक्रमहरु कार्यान्वयन गरी मार्फत् जलवायूमैत्री नगरपालिका निर्माण हुनेछ।

- नगरपालिकामा हुने हरेक क्षेत्रको ढिलासुस्ती, अन्यौलता, अकर्मण्यता र भ्रष्टाचारजन्य कृयाकलाप नियन्त्रण गरी जनमुखी प्रशासन र सुशासनयुक्त नगरपालिका निर्माणमा सघाउ पुग्नेछ।

- शहिद परिवार, वेपत्ता, घाइते योद्धा, ज्येष्ठ नागरिक, महिला, बालबालिका, शारीरिक रुपमा अशक्त, दलित आदिबासी वर्ग र क्षेत्रहरुलाई प्राथमिकतामा राखी लक्षित कार्यक्रमहरु सञ्चालन मार्फत ति वर्ग र क्षेत्रहरुको सामाजिक संरक्षण हुनेछ ।

- बालमैत्री स्थानीय शासनको अवधारणा बमोजिम यस नगरपालिकाका ४ वटा वडाहरु बालमैत्री स्थानीय शासन वडा घोषणा हुनेछन् ।

- नगरपालिकाको संस्थागत विकास र वित्तिय जोखिम न्यूनिकरणमा सहयोग पुग्नेछ ।

**सभाध्यक्ष महोदय,**

म अब यस नगरसभामा आर्थिक वर्ष २०८२/०८३ को बजेट तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त हस्तान्तरण ऐन, २०७४
- चालु सोह्रौं आवधिक योजना,
- संघीय सरकारका नीति, कार्यक्रम तथा बजेट वक्तव्य,
- प्रदेश सरकारका नीति, कार्यक्रम तथा वजेट वक्तव्य,
- छेडागाड नगरपालिकाको आवधिक योजना,
- छेडागाड नगरपालिकाको आर्थिक ऐन, २०८१

- छेडागाड नगरपालिकाको नगर प्रोफाइल,
- वस्ती तथा टोलस्तरीय भेला, वडा समिति हुदै सहभागितामूलक योजना तर्जुमा प्रक्रियाद्वारा आएका आयोजना तथा कार्यक्रमहरु।
- छेडागाड नगरपालिकाको क्षेत्रमा विद्यमान विकास सम्बन्धी अवसर तथा चुनौती र वस्तुस्थिति अवस्थाको विश्लेषण।
- विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुले प्राथमिकताका साथ कार्यान्वयन गर्नको लागि साझेदारी प्रकृतिका कार्यक्रमहरु ।

**सभा अध्यक्ष महोदय,**

अब म आ.व. २०८२/०८३ को बजेटका मुख्य मुख्य कार्यक्रमहरु र सो शीर्षकमा विनियोजित बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**१. क्रमागत तथा अधुरा योजनाहरु तर्फ :**

- विगतका वर्षहरुमा संघीय सरकार, प्रदेश सरकार तथा अन्य निकायहरुबाट बजेट विनियोजन भई निर्माणको कार्य थालनी भएका छेडागाड नगरपालिकाभित्रका केही विद्यालयहरुको भवनहरु आंशिक रुपमा मात्र निर्माण भई बजेट अभावको कारण अलपत्र र अधुरा रहेका छन् । उक्त भवनहरुको निर्माण सम्पन्न गर्नको लागि संघीय सरकार, प्रदेश सरकार लगायत विभिन्न साझेदार निकायहरुसँग अनुरोध गर्दा समेत ती भवनहरुको कार्य सम्पन्न हुन नसक्ने अवस्था सृजना भएको छ । त्यसैगरी संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदानमा पनि कटौती भई प्राप्त भएको हुनाले चालु आ.व. मा सम्पन्न हुने आयोजना तथा कार्यक्रमहरुको भुक्तानी बाँकी हुने देखिन्छ । उल्लेखित अधुरा आयोजनाहरुको प्राथमिकीकरण गरि निर्माण सम्पन्न गर्नको लागि आगामी आर्थिक वर्ष २०८२/०८३ मा रु. ६७,००,०००/- रकम विनियोजन गरेको छु ।

- हेल्भेटास नेपाल स्वीस इन्टरकोअपरेशनको आर्थिक सहयोग र पहाडी क्षेत्र विकास अभियान जाजरकोटको प्राविधिक सहयोग र नगरपालिकासँगको साझेदारीमा चालु आ.व. २०८१/०८२ मा सम्झौता भई निर्माण सम्पन्न भएका र रकम अभावको कारण भुक्तानी हुन नसक्ने तपसिलका ४ वटा खानेपानी तथा सरसफाई आयोजनाको लागि रु. ७५,००,०००/- रकम विनियोजन गरेको छु ।

- वडाको बास्ताविकता र आवश्यकतालाई सम्बोधन हुने गरी भौतिक पूर्वाधार, सामाजिक विकास लगायत विभिन्न क्षेत्रहरु समावेश गरी कार्यक्रम तर्जुमा गर्न नगरपालिकाका १३ वटा वडाहरुको लागि रु. १ करोड ८९ लाख ८९ हजार रकम विनियोजन गरेको छु ।

## १. सामाजिक विकास क्षेत्र तर्फ :

- महिला बालबालिका अपांगता दलित जनजाती तथा ज्येष्ठ नागरिकहरुको क्षमता विकास जीविकोपार्जन तथा सशक्तिकरण र संरणका लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखामा मार्फत आगामी आ.व. २०८२/८३ मा कार्यान्वयन हुने गरी रु. ९ लाख रकम विनियोजन गरेको छु ।

- संविधानले नै आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन तथा संचालन स्थानीय सरकारबाट हुने गरी अधिकार प्रदान गरेको छ ।विद्यालयहरुमा शिक्षकको दरबन्दीको अभाव हालसम्म पनि यथावत नै छ । गुणस्तरीय शिक्षा प्रदान गर्नु नगरपालिकाको दायित्व हुँदाहुँदै पनि बजेट अभावको कारण हाल कार्यरत नगर अनुदानका शिक्षकहरुको तलब नियमित रुपमा भुक्तानी गर्न नसकिएको अवस्था कायम छ । शिक्षण सिकाई अनुदानमा नियुक्ति भएका शिक्षकहरुको पारिश्रमिकको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

- स्वस्थ, सभ्य, उद्यमशिल र सुसंस्कृत नागरिक तयार गर्न बच्चालाई गर्भावश्थामा नै पोषण आवश्यक पर्दछ । यसका लागि गर्भजाँच गर्ने महिलाहरुलाई हरेक पटक पोषणयुक्त खाद्य सामाग्रीहरु वितरण गरी गर्भ अवस्थादेखि नै बच्चाको पोषणको हक सुनिश्चित गर्न बहुक्षेत्रीय पोषण कार्यक्रम संचालनको लागि संघीय सरकारको शसर्त अनुदान वापत रु. १४ लाख प्राप्त भएको उक्त रकमलाई विषयगत शाखासँगको समन्वयमा प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

- विद्यालय शिक्षाको गुणस्तर अभिबृद्धिका लागि राष्ट्रपति रनिङ्ग शिल्ड, मेयरकप संचालन, लगायतका शैक्षिक गतिविधी संचालन गर्नको लागि शिक्षा यूवा तथा खेलकुद शाखा मार्फत कार्यान्वयन हुने गरी ३० लाख रकम विनियोजन गरेको छु ।

- बालमैत्री तथा प्रविधि मैत्री शिक्षा प्रवर्द्धन कार्यक्रम कार्यान्वयनका लागि संघीय सरकारबाट विशेष अनुदान वापत रु. ७५ लाख रकम प्राप्त भएको छ । उक्त रकमलाई आवश्यकताको आधारमा यस छेडागाड नगरपालिकाको समग्र शैक्षिक गुणस्तर अभिबृद्धि तथा प्राविधिक शिक्षामा लगानी गर्ने गरी व्यवस्था गरिनेछ।

- नगरपालिकाबाट संचालित बालविकास केन्द्र, नगर अनुदान शिक्षक तथा विद्यालय कर्मचारीहरुको तलब भत्ता भुक्तानीको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

- **Save the Children/**पाँचतारा यूवा संरक्षक मञ्च जाजरकोटद्वारा संचालित सहयात्रा तेश्रो परियोजना अन्तर्गत किशोरी मातृ तथा नवजात शिशु कार्यक्रम **(AMH) My Forest Chield, C &K** परियोजनाहरु संचालनमा रहेका छन् । माथी उल्लेख गरिएका परियोजनाहरुको लागि जम्मा बजेट रु. ५ करोड ८० लाख ७३ हजार ५ सय १३ प्रस्तावित भई कार्यान्वयन समेत भईरहेको छ भने नगरपालिकासँगको साझेदारीमा बालअधिकार शासन, बालसंरक्षण तथा शिक्षाको गुणस्तर अभिबृद्धि गर्ने पूर्वाधार कार्यक्रम संचालनमा आवश्यक पर्ने नगरपालिका तर्फको समपुरक वापतको रकम रु. ५० लाख विनियोजन गरेको छु ।

- नगरपालिका क्षेत्रभित्र सुत्केरी आमाहरुलाई सुत्केरी हुँदाका बखत समस्या भएको खण्डमा निशुल्क एम्बुलेन्स उपलब्ध गराउँदै आइरहेको छ । उक्त सेवालाई आगामी दिनहरुमा अझै प्रभावकारी रुपमा संचालन गरिनेछ ।

- छेडागाड नगरपालिकाको वडा नं. ५ मा रहेको नगर अस्पताल तथा प्राथमिक उपचार केन्द्रलाई मानविय र भौतिक श्रोतसाधनयुक्त बनाई नगर अस्पतालबाट प्रदान गरिने सेवालाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

- पहाडी क्षेत्रविकास अभियान जाजरकोट **(HRDC), E4 WASH** को सहयोगमा संचालित **Renewable Project** यस नगरपालिकाको २ वटा स्थानहरुमा **ERT** सर्भे गर्नको लागि समपुरक वापतको रकम व्यवस्थापन गरेको छु ।

- स्वास्थ्य संस्थाबाट निशुल्क रुपमा उपलब्ध गराउँदै आएको औषधी व्यवस्थापन लगायत अन्य स्वास्थ्य प्रवर्द्धन सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गर्नको लागि रु. ६२ लाख ८० हजार रकम विनियोजन गरेको छु ।

- महिला, दलित, शारीरिक अशक्त, ज्येष्ठ नागरिक तथा बालबालिकाहरुको उत्थान हुने र सीप विकास तथा जीविकोपार्जनको कार्यक्रमहरु संचालन गर्नको लागि लक्षित वर्ग कार्यक्रम तर्फ रु. २४ लाख विनियोजन गरेको छु ।

- अपांगता भएका बालबालिकाहरुको हेरचाह र शिक्षा दिक्षा प्रदान गर्नको लागि **School at Home** कार्यक्रमलाई निरन्तरता दिइनेछ । जसको प्रभावकारी कार्यान्वयनको लागि रु. १० लाख रकम विनियोजन गरेको छु ।

- सामाजिक रुपमा र आर्थिक रुपमा पिछडिएका वर्ग र क्षेत्रसँग सम्बन्धित कार्यक्रमहरु संचालन गरी महिला तथा बालबालिकाहरुको उत्थानको लागि महिला तथा बालबालिकासँग उपप्रमुख कार्यक्रममा रु. १५ लाख रकम विनियोजन गरेको छु ।

- हेल्भेटास नेपाल स्वीस इन्टरकोअपरेशन र पहाडी क्षेत्र विकास अभियानद्वारा आ.व. २०८२/०८३ मा संचालन हुने २ वटा आयोजना तथा कार्यक्रमको लागि नगरपालिकाको तर्फबाट समपुरक वापतको रकम व्यवस्थापन गर्नको लागि रु. ५५ लाख रकम विनियोजन गरेको छु ।

## २. आर्थिक विकासः

- साना तथा घरेलु लघु उद्यमीहरुलाई प्रोत्साहन गर्दै नयाँ उद्यमी सृजना तथा दक्ष उद्यमीहरुलाई उपार्जनसँग आवद्ध गरी नगरपालिकालाई उत्पादनसँग जोडी निकासी तथा पैठारीसँग आवद्ध गराउन रु. ५ लाख रकम विनियोजन गरेको छु ।

- छेडागाड नगरपालिकाभित्र रहेका ६४०० जना वेरोजगार व्यक्तिहरुलाई सूचीकृत गरिएको छ । उनीहरुलाई मुख्यमन्त्री रोजगार कार्यक्रम, राष्ट्रिय रोजगार कार्यक्रम र **SAMI** कार्यक्रम मार्फत रोजगारी प्रदान गर्ने गरी नगरपालिकाबाट आवश्यक पर्ने समपुरक वापतको रकम विनियोजन गरेको छु ।

- उद्यम विकासका नवप्रवर्तन अवधारणा लागु गर्दै उद्यमी प्रोत्साहनका लागि सीप मेला आयोजना गरी उद्यमशिलता प्रवर्द्धन गर्न प्रदेश सरकारबाट सशर्त अनुदानलाई प्रभावकारी कार्यान्वयनका लागि साझेदारी मोडेलमा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

- नगरपालिकालाई कृषि उत्पादनमा क्रमशः आत्मनिर्भर बनाई गरिबी तथा भोकमरी उन्मूलन गर्न आय र रोजगारी बढाउन, कृषिको आधुनिकीकरण, विविधीकरण र व्यवसायीकरण मार्फत् कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न "कृषकसँग मेयर कार्यक्रम" अन्तर्गत किसान सुरक्षा कार्यक्रम सञ्चालन गरिनेछ, जसको कार्यान्वयनको लागि रु. ३० लाख विनियोजन गरेको छु। किसानलाई परामर्श र सहयोग गर्न एक वडा एक प्राविधिक जनशक्तिलाई स्वयम् सेवकको रुपमा परिचालन गर्न आवश्यक बजेट विनियोजन गरेकोछु।

- व्यवसायिक पशुपालन, पकेट क्षेत्र विकास कार्यक्रम, ब्लक निर्माण र सीप विकास तालिम लगायत औषधी तथा विषादि खरिद जस्ता कार्यक्रम संचालन गर्न र कृषि क्षेत्रलाई व्यवासायिकता तर्फ उन्मुख गराई रोजगारीका अवसरहरु सृजना गरिनेछ । जसको कार्यान्वयनको लागि कृषि विकास उपशाखा मार्फत कार्यान्वयन हुने गरी रु. १८ लाख र पशुपंक्षि विकास उपशाखाबाट कार्यान्वयन हुने गरि रु. १८ लाख रकम विनियोजन गरेको छु ।

- नगरपालिकामा रहेका जग्गाधनीहरुले हालसम्म पनि मालपोत कर नतिरेको हुनाले उक्त कर असुलीको लागि प्रत्येक वडाहरुले अभियान संचालन गरी मालपोत कर संकलनको व्यवस्था मिलाइनेछ ।

- छेडागाड नगरपालिका भित्र दर्ता मात्र भई निष्कृय रुपमा रहेका विभिन्न सहकारी, समुह तथा फर्महरुलाई नविकरण तथा नियमन गरी आवश्यक प्रकृया अगाडी बढाइनेछ ।

- यस नगरपालिकामा रहेका व्यापार व्यवसाय दर्ता तथा नविकरण, घरजग्गा नक्सा पास लगायतका कार्यहरुलाई अभियानको रुपमा संचालन गरिनेछ । बनबाट प्राप्त हुने रोयल्टिलाई अनिवार्य गरिनेछ । जसको नियमन, अनुगमन तथा रेखदेख गरि आन्तरिक राजश्व अभिबृद्धि गरिनेछ ।

**सभा अध्यक्ष महोदय,**

## ३. भौतिक पूर्वाधार विकास

- नगरपालिकाको केन्द्र रहने स्थान चंखिलामा क्रमागत रुपमा प्रशासकीय भवन निर्माणको कार्य भईरहेको हुनाले उक्त भवनको सम्पन्न गर्नको लागि रु. १ करोड रकम विनियोजन गरेको छु ।

- नगरपालिकाको प्रशासनिक भवनको फर्निसिङ्ग, फिक्चर्स र व्यवस्थापनको लागि रु. १ करोड ५० लाख विनियोजन गरेको छु ।

- खराया अन्नपूर्ण सडक निर्माण क्रमागत छेनपा ११ को लागि संघीय सरकारबाट समपुरक वापत रु. ४६ लाख र वडा नं. १ को वडा कार्यालयको भवन निर्माणको लागि रु. ५२ लाख रकम विनियोजन भई प्राप्त भएको हुनाले उक्त दुवै आयोजनाहरुको समपुरक वापतको रु. ६६ लाख रकम विनियोजन गरेको छु ।

- गत आ.व. २०८०/८१ मा नगरपालिकाको बजेट अभावको कारण संघीय सरकारबाट प्राप्त शसर्त अनुदानबाटै भुक्तानी भएको र उक्त रकमलाई महालेखा परीक्षकको कार्यालयले सम्बन्धित सरकारलाई फिर्ता गर्नको लागि बेरुजु औल्याएको रकम रु. ३९ लाख विनियोजन गरेको छु ।

## ४. संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ :

- परम्परागत, ढिलासुस्ती, अन्यौलपूर्ण र बोझिलो कार्यशैलीले नागरिकलाई प्रवाह गरिने सेवा बोझिलो र झन्झटिलो भई लामो समय लाग्ने हुन्छ । आजको सूचना प्रविधिको युगमा हरेक नागरिकले छिटोछरितो, प्रभावकारी, भरपर्दो र गुणस्तरीय सेवाको अपेक्षा गरिरहेका हुन्छन् । सिमित श्रोत साधन र छोटो अवधिमा धेरै कार्यहरु गर्नुपर्ने हुन्छ । अझ हाम्रो नगरपालिका भौगोलिक विकटता र यातायातको पहुँच नपुगेको कारण सेवाग्राहीहरुलाई झनै सास्ती परिरहेको हुन्छ । सेवाग्राहीको सन्तुष्टि मापन गर्ने कुनै आधार नै हुदैन तसर्थ आगामी वर्षदेखि नगरपालिकाको सेवा प्रवाह प्रणालीलाई सूचना प्रविधिमैत्री बनाइनेछ भने विस्तारै यस नगरपालिकालाई **E-Municipality** को रुपमा विकास गर्ने गरी आधारभूत कार्यको थालनी गरिनेछ ।

- छेडागाड नगरपालिकामा रहेको न्यायिक समितिलाई सक्षम र प्रभावकारी बनाइनेछ । वडामा रहेका मेलमिलापकर्ताहरुलाई न्याय सम्पादन सम्बन्धी विभिन्न तालिम तथा गोष्ठीहरुको र आयोजना गरी प्रभावकारी न्याय सम्पादन गर्नको लागि न्यायिक समितिको कार्यालय मार्फत कार्यान्वयन हुने गरी रु. १० लाख रकम विनियोजन गरेको छु ।

- नगरपालिकाबाट सम्पादन हुने आयोजना तथा कार्यक्रमहरुको प्रभावकारिताको लागि नगरपालिका स्तरीय अनुगमन तथा मुल्यांकन समितिलाई क्रियाशिल बनाइनेछ । जसको लागि आवश्यक पर्ने वजेट व्यवस्थापन गरेको छु ।

- नगरपालिका क्षेत्रभित्रका दिर्घ रोगी, अपांगता भएका व्यक्तिहरुको औषधी उपचार, दुर्घटनाजन्य घटना उद्दार तथा उपचारका लागि आर्थिक सहायताको लागि रु. १५ लाख रकम विनियोजन गरेको छु ।

- सामाजिक सुरक्षा तर्फ "ग" वर्गका अपांगता भएका व्यक्ति,शहिद, वेपत्ता तथा घाइते योद्धाहरुको लागि स्वास्थ्य उपचारमा पहुँच अभिबृद्धि हुने गरी आवश्यक पर्ने रकमको व्यवस्था गरेको छु।

- ६५ वर्ष उमेर पुरा भएका एकल (विदुर) पुरुषलाई सामाजिक सुरक्षामा आवद्ध हुने गरी आवश्यक रकम विनियोजन गरेको छु ।

- स्थानीय तहको संस्थागत स्वमुल्यांकन **(LISA)** र वित्तिय जोखिम विश्लेषण **(FRA)** लाई प्रभावकारी बनाई जिल्लाकै उत्कृष्ट पालिका बनाउने गरी बजेटको कार्यान्वयन गरिनेछ ।

- नगरपालिकाको संस्थागत विकास गरी सुशासन र पारदर्शिता कायम गर्नको लागि नियमित बैठकहरु, समीक्षा गोष्ठी तथा अन्तर्कृया, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, रेडियो संवाद जस्ता कार्यक्रमहरुलाई प्रभावकारी रुपमा संचालन गर्ने गरी बजेट व्यवस्था गरेको छु ।

- कर्मचारीहरुको पारिश्रमिक, जनप्रतिनिधीहरुको सुविधा लगायत कर्मचारीहरुको बृत्ति विकास र सुविधा लगायतमा पर्याप्त हुने गरी बजेट विनियोजन गरेको छु । कर्मचारीहरुको दक्षता तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरु संचालन गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

## ५. वन वातावरण तथा विपद व्यवस्थापन तर्फ :

- प्राकृतिक विपत्ती तथा मानव सृजित विपत्तीबाट प्रभावित व्यक्तिहरुको राहत तथा उद्दारको लागि आपतकालीन राहत उपलब्ध गराउनको लागि रु. २० लाख रुपैया विनियोजन गरेको छु ।

- छेडागाड नगरपालिका भौगोलिक हिसाबले कठिन भुगोल भएको नगरपालिका भएको र यस नगरपालिकामा निर्माण गरिएका सडकहरु वर्षायाममा अवरुद्ध हुने र सर्वसाधारणको आवतजावतमा समेत समस्या उत्पन्न हुने भएकोले वर्षायाममा अवरुद्ध हुने सडकहरुको मर्मत गरी संचालन गर्न र बाढी पहिरोबाट प्रभावित सडक तथा अन्य संरचनाहरुको मर्मत संभारको लागि रु. ६५ लाख रकम विनियोजन गरेको छु ।

- सामुदायिक वन उपभोक्ता समितिहरुले निर्माण गर्ने वार्षिक कार्ययोजना स्थानीय सरकार समक्ष पेश नगरी मनोमानी रुपमा वन डिभिजन कार्यालय तथा सब डिभिजन कार्यालयसँग समन्वय गरी कार्ययोजना कार्यान्वयन भईरहेको छ । यसरी स्थानीय सरकारसँग कुनै पनि प्रकारको समन्वय तथा सहकार्य नगरी जथाभावी रुपमा वनको कोषमा रहेको रकम खर्च गर्ने परिपाटीले गर्दा उपभोक्ता समितिहरुको नाममा भ्रष्टाचार सम्बन्धी मुद्दाहरु पर्ने गरेका छन् । स्थानीय सरकारसँग समन्वय नहुँदा बन उपभोक्ता समितिहरुले संचालन गर्ने कृयाकलापहरुको सम्बन्धमा स्थानीय सरकार अनभिज्ञ हुने र सम्बन्धित निकायहरुलाई जवाफ दिन नसकिने अवस्था विद्यमान रहेको छ । तसर्थ आगामी आ.व. देखि वन उपभोक्ता समितिहरुको कार्ययोजना अनिवार्य रुपमा स्थानीय सरकार समक्ष पेश गर्ने स्वीकृति लिने र वार्षिक प्रगती समेत पेश गर्ने व्यवस्था गरि समितिहरुलाई निगरानीमा राख्ने गरी व्यवस्था गरेको छु ।

- छेडागाड नगरपालिमा जथाभावी वन फडानी तथा आगलानी र खुल्ला चरिचरण हुने गरेको र वर्षेनी बन उजाड हुँदै गईरहेको छ । यसरी वर्षेनी वन उजाड हुँदै गएमा आगामी केही वर्षभित्रमा जलवायू परिवर्तनका जोखिमहरु बढ्दै जाने देखिन्छ । तसर्थ

खुला स्थानहरुमा बृक्षारोपण गर्ने कार्यको लागि बन उपभोक्ता समितिहरु र सरोकारवाला निकायहरुसँग समन्वय गरिनेछ । यस नगरपालिकामा संचालन भएको **My Forest Chield** कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी रुपमा संचालन गर्ने व्यवस्था मिलाएको छु ।

- वन उपभोक्ता समितिहरुले वार्षिक रुपमा गरेको कूल आम्दानीको २५ प्रतिशत रकम अनिवार्य रुपमा वन संरक्षणको कार्यमा खर्च गर्ने कार्यलाई अनिवार्य गरिनेछ ।

- नगरपालिकामा रहेका अति गरिव, विपन्न तथा विरामी व्यक्तिहरुको राहत, उद्दार तथा सहायताको लागि रु. १५ लाख रकम विनियोजन गरेको छु ।

- यस छेडागाड नगरपालिकाका १३ वटै वडाहरुमा क्षेत्रफल, जनसंख्या, नगरपालिकाको केन्द्र देखिको भौगोलिक दूरी, राजस्व संकलन क्षमता र पूर्वाधार विकासको अवस्था, भारित लागत, गरिबी तथा मानव विकास सूचकाङ्कको आधारमा वडाबाटै योजना छनौट गरी तपसिल बमोजिम कार्यान्वयन गर्नको लागि रु. १ करोड ८९ लाख ८९ हजार ४३ रुपैया विनियोजन गरेको छु ।

<u>तपसिल</u>

| वडा नं. | वडालाई प्रदान गरेको बजेटको सीमा | कैफियत |
|---|---|---|
| १ | १५४१६५५ | |
| २ | १४९३०३९ | |
| ३ | १९२९९९२ | |
| ४ | १०६८२२४ | |
| ५ | १५२३७१२ | |
| ६ | १५०९२०३ | |
| ७ | ६५८८६४ | |
| ८ | १८२२२१३ | |
| ९ | १३३९४८१ | |
| १० | १६११३२७ | |
| ११ | १५५७९३४ | |

| | | |
|---|---|---|
| १२ | १६००६८७ | |
| १३ | १३३२७१२ | |
| **जम्मा** | **१,८९,८९,०४३** | |

**सभा अध्यक्ष महोदय**

संघ र प्रदेशबाट प्राप्त वित्तीय समानिकरण, राजश्व बाडफाँड, विशेष, समपुरक अनुदान र नगरपालिकाको आन्तरिक श्रोतबाट प्राप्त बजेट मध्ये पुँजीगत तर्फ रु १३ करोड ४५ लाख ८८ हजार रहेको छ भने चालु तर्फ १३ करोड ४ लाख ८७ हजार ७ सय ८७ रहेको छ। साथै शसर्त अनुदानको खर्च शर्त अनुसार नै हुनेछ।

**सभा अध्यक्ष महोदय,**

अब म आगामी आ.व. ०८२/०८३ को लागि माथि प्रस्तावित खर्च व्यहोरिने स्रोतहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु।

| **शिर्षक** | **प्रस्तावित आय** | **कैफियत** |
|---|---|---|
| | **संघीय सरकार** | |
| वित्तिय समानीकरण अनुदान | ११ करोड ५४ लाख | |
| शसर्त अनुदान | | |
| चालु | ३६करोड १७ लाख | |
| पुँजीगत | ८६ लाख | |
| विशेष अनुदान | ७५ लाख | |
| समपुरक अनुदान | ९८ लाख | |
| संघिय सरकार राजश्व बाँडफाँड | १३ करोड ५३ लाख ८३ हजार ७ सय ७३ | |
| **जम्मा** | **६३ करोड ८३ लाख ८३ हजार ७ सय ७३** | |
| | **प्रदेश सरकार** | |
| समानीकरण अनुदान | १ करोड ४६ लाख ६१ हजार | |
| शसर्त अनुदान (चालु : २१९३७००० | ६ करोड २९ लाख ३७ हजार | |

| | | |
|---|---|---|
| लाख +४,१०,००००० लाख) | | |
| विशेष अनुदान | ९५ लाख | |
| समपुरक | ० | |
| प्रदेश सरकार राजश्व | १८ लाख | |
| **जम्मा** | **८ करोड ८८ लाख ९८ हजार** | |
| **नगरपालिका** | | |
| आन्तरिक श्रोत | ९४ लाख ५० हजार | |
| अ.ल्या. | ० | |
| जम्मा | **९४ लाख ५० हजार** | |
| **कूल जम्मा** | **७३ करोड ६७ लाख ३१ हजार ७ सय ७३** | |

**सभा अध्यक्षज्यू,**

सीमित श्रोत साधन तथा अधिक जनचाहाना र मागको विचबाट तर्जुमा गरिएको यस छेडागाड नगरपालिकाको वार्षिक विकास योजनाको कार्यान्वयन अझ चुनौतीपूर्ण हुने महसुस गरेको छु। सम्बद्ध सबै पक्षको सार्थक सहयोगबाट तयार भएको यो बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनमा समेत यहाँहरुको महत्वपूर्ण भूमिका रहने छ भन्ने विश्वास लिएको छु। यस अवसरमा छेडागाड नगरपालिकाको समग्र पक्षको विकासमा प्रभावकारी भूमिका खेल्ने राजनीतिक दल, विषयगत निकायहरु, विभिन्न दातृ निकायहरु लगायत सम्बन्धित सबैमा नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनहरुमा समेत यथोचित सहयोगको अपेक्षा गरेको छु ।

**अन्तमा,**

योजना तर्जुमाको प्रारम्भिक चरणदेखि बजेट सार्वजनिक गर्दा सम्मका हरेक क्रियाकलापमा प्रत्यक्ष वा परोक्ष संलग्न रही सहयोग पुर्याउनुहुने नगरपालिकाका सम्पूर्ण वडाका वडाअध्यक्षज्यूहरु, कार्यपालिकाका सदस्य, वडा सदस्य, पत्रकार मित्रहरु, नागरिक समाज लगायत सम्पूर्ण महानुभावहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यसै गरी नगर सभा तयारीको प्रारम्भिक चरणदेखि अहोरात्र खट्ने राष्ट्रसेवक

कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु। नगरपालिकाले लिएको लक्ष्य प्राप्त गर्न स्वीकृत कार्यक्रम तथा बजेटलाई सही ढंगले कार्यान्वयन हुनेछ र "**समृद्ध छेडागाड हाम्रो भविष्य**" भन्ने ध्येयलाई पछ्याउने छ भन्ने विश्वास लिएको छु । **धन्यवाद** !